च.न.: १३/२०२१ मिति ६ जुलाई २०२१

**विषय : गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद, कतारको नवौ राष्ट्रिय महाधिबेशनबाट २०२१-२०२३ कार्यकालको लागि कार्यसमितिका बिभिन्न पदहरु र गैरआवासीय नेपालि संघ अन्तर्राष्ट्रिय समन्वय परिषदको दशौं अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधिको लागि मनोनयन दर्ता भएका पञ्जिकृत सदस्यहरुको छनोटको लागि निर्वाचन तालिका र प्रक्रिया सम्बन्धि सुचना ।**

प्रस्तुत विषयको सम्बन्धमा पुर्ब निर्धारित मिति र समयमा नै निर्बाचन सम्पन्न गर्नका लागि अनलाइन भोटिङ्गका लागि एनसीसी कतार र आईसीसीद्धारा सिफारिस गरिएको अमेरिकास्थित नेपाइट एल एल सी कम्पनि संग सम्झौता भैसकेको र पुर्ब निर्धारित र प्रकाशित कार्यक्रम अनुसार नै निर्बाचनका सबै कार्यक्रमहरु सम्पन्न गराउने शिलसिलामा निर्बाचन प्रक्रिया र कार्यक्रम निम्नानुसार रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## अनलाइन भोटिङ्ग कार्यक्रम र प्रक्रिया निम्नानुसार रहनेछ :

१. वर्तमान परिवेश तथा कोभिड -१९ को संक्रमण र परिस्थिति लाइ मध्येनजर गर्दै एनआरएनए एनसीसी कतारको २०२१-२०२३ कार्यसमिति चयनका लागि आवश्यक पद संख्या भन्दा बढी मनोनयन दर्ता भएका पद तथा एनआरएनए आइसिसिको दशौ महाधिबेशन प्रतिनिधि छनौट गोप्य मतदान प्रक्रिया अनुसार बिधुतिय मतदान प्रणाली ( इलेक्ट्रोनिक भोटिङ्ग सिस्टम ) मार्फत हुने छ ।

२. एनआरएनए एनसीसी कतारको २०२१-२०२३ कार्यसमिति चयनका लागि आवश्यक पद संख्या भन्दा बढी मनोनयन दर्ता भएका सहकोषाध्यक्ष पदमा ३ जना आवेदक मध्ये १ जना र एनआरएनए आइसीसीको दशौ महाधिबेशन प्रतिनिधि छनौटका लागि प्राप्त अन्तिम नामावली अनुसारको २०९ जना पंजीकृत सदस्यहरु मध्येबाट ७९ जना प्रतिनिधिको चयन हुने छ।

३. एनआरएनए एनसीसी कतारद्वारा १४ जुन २०२१ मा प्रकाशित सबै पंजीकृत सदस्यहरु यस मनोनयन प्रक्रियाका मतदाता रहनेछन।

४. मनोनयन प्रक्रिया पुर्व प्रकाशित सुचना अनुसार नै मिति ९ जुलाई २०२१ को बिहान ६:०० बजे देखि शुरु भइ १० जुलाई २०२१ को दिनको ०१:०० बजे सम्म संचालन हुनेछ।

## बिधुतिय निर्वाचन प्रणाली (इ-भोटिङ्ग सिस्टम )

१. अहिले सम्पन्न गर्न लागिएको इ-भोटिङ्ग प्रणालीको प्रमुख आधार भनेको नै मतदाताहरुको इमेल आइडि भएकोले एनआरएनए एनसीसी कतारले १४ जुन २०२१ मा प्रकाशित गरेको अन्तिम नामावलीमा प्रकाशित इमेललाइ नै आधार मानिने छ । त्यसैले प्रत्येक मतदाताले आ-आफ्नो सोहि इमेल एक्टिभ भए नभएको जाँच गरि मिति ७ जुलाई २०२१ को बिहान ७ बजे देखि बेलुका ५ बजे सम्ममा इमेल करेक्सनका लागि कार्य समिति चयन समिति समक्ष निवेदन दिनु हुन जानकारी गराउदछौ। यदि निर्धारित समय सिमा भित्र इमेल करेक्सनका लागि सम्बन्धित व्यक्तिबाटै कार्यसमिति चयन समिति समक्ष लिखित निवेदन नपरेमा र मतदाताले भोटिङ्ग लिंक प्राप्त नगरी मतदानमा सहभागी हुन नसकेमा कार्यसमिति चयन समिति जवाफदेही हुने छैन।

२. अहिले सम्पन्न गर्न लागिएको इ-भोटिङ्ग प्रणालीमा प्रत्येक मतदाताले आ-आफ्नो इमेलमा फरक फरक भोटिङ्ग लिंक प्राप्त गर्नेछन। एउटा लिंक बाट एकभन्दा बढी भोट गर्न वा लिंक अरु कसैलाई फरवार्ड गर्न मिल्ने छैन।

३. मतदानको लागि मतदाताहरुलाई अग्रिम लिंक प्राप्त भए पनि उक्त लिंक निर्धारित निर्वाचन समयावधिभित्र मात्र सक्रिय रहनेछ।

४. मतदाताले एक पटक मतदान गरेर भोट सबमिट भइसकेपछि पुन मतदान गर्न वा मत परिवर्तन गर्न पाइने छैन।

५. गोप्यता र सुरक्षाको लागि मतदाताको इमेल आइडी र पासवर्डको सुरक्षा मतदाता आफैले गर्नु पर्नेछ। यदि कुनै मतदाताको इमेल आइडी वा पासवर्ड दुरुपयोग भएमा कार्यसमिति चयन समिति जवाफदेही हुनेछैन।

६. मतदान समय भित्र मतदान प्रक्रियामा कुनै प्राविधिक समस्या देखिएमा समाधनाका लागि कार्यसमिति चयन समिति समक्ष लिखित जानकारी गराउनुपर्नेछ। त्यस्ता प्राविधिक समस्याहरुको समाधान कसरि गर्ने वा प्राबिधिक समस्याका कारण खेर गएको समयको पूर्ति कसरि गर्ने भन्ने कुरा कार्यसमिति चयन समितिको निर्णय नै अन्तिम निर्णय हुनेछ।

धन्यवाद



रमेश भट्ट
संयोजक: कार्यसमिति चयन समिति
नवौं राष्ट्रिय महाधिबेशन २०२१
गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद, कतार